देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं. प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०६/३०)

देवदह नगरपालिका अन्तर्गत सञ्चालित कोभिड-१९ अस्थायी ५ बेडको अस्पतालको लागि तपशिलको संख्या र योग्यता भएका कर्मचारीहरु सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नगरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पुर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०७७/०६/२८ गतेको पदपुर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फारम यस देवदह नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | करारको समयाबधि |
|---|---|---|---|---|---|
| १. | ३/०७७-०७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ | २०७८ असार मसान्तसम्म |
| २. | ४/०७७-०७८ | स्टाफ नर्स | सहायक पाँचौं | २ | करार संझौताको मितिले ३ महिना |
| ३. | ५/०७७-०७८ | कार्यालय सहयोगि | श्रेणिविहिन | १ | करार संझौताको मितिले ३ महिना |

**योग्यता**

१.नेपाली नागरिक हुनुपर्ने।

२.न्युनतम योग्यता

- ✓ मेडिकल अधिकृतः नेपाल सरकारवाट प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरि NMC को प्रमाण पत्रको प्रतिलिपि
- ✓ स्टाफ नर्सः नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरि नेपाल नर्सिङ काउन्सिलको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
- ✓ कार्यालय सहयोगीः सामान्य लेखपढ

३.उमेरः मेडिकल अधिकृतको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र स्टाफ नर्सको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४.प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको।

५.दरखास्त दस्तुरः मेडिकल अधिकृतको लागि रु १५००/-,स्टाफ नर्सको लागि रु १०००/- र कार्यालय सहयोगिको लागि रु ३००/-

६.दरखास्त बुझाउने स्थानः देवदह नगरपालिका,नगर कार्यपालिकाको कार्यालय केरवानी रुपन्देही।

७.दरखास्त दिने अन्तिम मितिः २०७७/०७/१४

८.आवश्यक कागजातः

क.व्यक्तिगत विवरण

ख.हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति

ग.नेपालि नागरिकताको प्रतिलिपि

घ.हासिल गरेको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र NMC मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

ङ.उल्लेखित न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु स्वयं प्रमाणित गरि दरखास्त साथ पेश गर्नुपर्नेछ।

९.छनौट प्रक्रियाः मेडिकल अधिकृत र स्टाफ नर्शको लागि छोटो सुचि र अन्तर्वार्ता तथा कार्यालय सहयोगिको लागि अन्तर्वार्ता मात्र।

१०.सेवा सुविधाः नेपाल सरकारको नियमानुसार।

११.अन्तर्वार्ता मितिः प्रारम्भिक छोटो सुचिको योग्यताक्रम प्रकाशन संगै गरिनेछ।

१२.अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

द्रष्टव्यः अन्य आवश्यक जानकारिको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा वा ९८४७०२७४३४ मा सम्पर्क गर्नुहोला।

रमेश मिश्र (शाखा अधिकृत)